# नाम्खा गाउँपालिका

## मिति २०७५ श्रावण ४ गतेको गाउँ कार्यपालिकाका निर्णयहरु

निर्णय नं. १ - यस गाउँपालिका अन्तर्गतका तपसिलका वडाहरुमा रिक्त रहेका कार्यालय सहयोगी पदमा वडा समितिको निर्णय र सिफारिसका आधारमा करार सम्झौता गर्ने ।

१. २ नं. वडा कार्यालयमा-

२. ३ नं. वडा कार्यालयमा-थिनजोक लामा

३. ४ नं. वडा कार्यालयमा-सुनाम डोमा तामाङ

साथै साविकमा याल्वाङ स्वास्थ्य इकाइमा कार्यरत कार्यालय सहयोगी स्याराप ग्याल्जन तामाङलाई यस गाउँपालिकाको कार्यालयमा कार्यालय सहयोगी पदमा रहने गरी करार सम्झौता नविकरण गर्ने ।

निर्णय नं. २- यस नाम्खा गाउँपालिकाको वडा नं. १ मा रहेको नाम्खा ख्युङजोङ आधारभुत विद्यालय, धिगामा वाल शिक्षा कक्षा शुरु गर्ने र यस गाउँपालिका अन्तर्गतका वाल शिक्षा कक्षाहरुमा रिक्त रहेका बाल शिक्षा सहजकर्ता नियुक्ति प्रकृया अगाडि बढाउने ।

निर्णय नं.३- यस गाउँपालिका वडा नं.५ को खासरपानी आधारभुत विद्यालयलाई कक्षा ८ संचालन र वडा नं. २ को तातोपानी आधारभुत विद्यालय केर्मीलाई कक्षा र संचालन गर्ने अनुमति दिने ।

निर्णय नं.४- यस गाउँपालिका वडा नं. ६ मा रहेको हिमशिखर प्रा.वि. तिलमा कार्यरत दुई जना शिक्षकलाई नाम्खा गाउँपालिका वडा नं.१ मा रहेको बुद्ध आधारभुत विद्यालय, हेप्का र वडा नं.२ मा रहेको तातोपानी आधारभुत विद्यालय, केर्मीमा काज सरुवा गर्ने ।